टेलिफोन नं. ☎ ०१-४५४४२४९
☎ ०१-४५४१९२५

नेपाल सरकार
शहरी विकास मन्त्रालय

# संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

सानोगौचरन, काठमाडौं

मितिः २०८३/०१/०८

## घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना।

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत विशिष्ट पदाधिकारीज्यूहरुको निवासको प्रबन्ध गर्नका लागि सामुहिक आवास भाडामा लिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा कम्पनीहरुबाट प्रति आवास के कति दरमा बहालमा दिन सकिने हो सो उल्लेख गरी देहायको शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी प्रस्ताव (शर्त वमोजिमको आवश्यक कागजात र प्रति एकाई मासिक भाडा) यस कार्यालयमा पेश गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम १ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

| प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय | प्रस्ताब खोल्ने अन्तिम मिति र समय |
|---|---|
| २०८३/०१/२२ गते मध्यान्ह १२:०० बजे | २०८३/०१/२२ गते दिउँसो २:०० बजे |

**शर्तहरुः**

१. सामुहिक आवास (Group Housing) चक्रपथबाट बढीमा ५ किलोमिटर भित्र हुनुपर्नेछ ।

२. सामुहिक आवासमा ११ वटा प्रयोग योग्य आवास (Housing unit) प्रत्येक आवास कम्तीमा ४ आना जग्गामा बनेको RCC frame structure र २ वटा चार पाङ्ग्रे गाडी सुरक्षित पार्किङ गर्न सकिने सुबिधा भएको हुनुपर्नेछ । उक्त घरहरुमा फर्निचर र फर्निसिङको राम्रो प्रबन्ध भएको हुनुपर्नेछ ।

३. प्रत्येक आवासमा कम्तिमा बैठक कोठा १, बेडरुम ४, स्टडी रुम १, पूजा कोठा १, स्टोर रुम १ र किचन एवं डाईनिङ रुमको राम्रो प्रबन्ध भएको एवं निजी सुरक्षाकर्मीको लागि भुईँ तल्लामा बस्न योग्य कोठा १ भएको हुनुपर्नेछ ।

४. ईन्टरनेट, धारा, विजुली, तातो पानी र चिसो पानीको राम्रो प्रबन्ध भएको हुनुपर्नेछ ।

५. मास्टर बेडरुममा एटेच बाथरुम सहित प्रत्येक तल्लामा शौचालयको राम्रो प्रबन्ध भएको हुनु पर्नेछ ।

६. विशिष्ट पदाधिकारीज्यूहरूसँग भेटघाटका लागि आउने आगन्तुकहरूको सवारी साधन पार्किङको राम्रो प्रबन्ध भएको हुनु पर्नेछ।

७. आवास क्षेत्रको पहुँच मार्ग कम्तीमा ७ मिटरको पक्की बाटो हुनुपर्नेछ ।

८. घर बहालमा दिने व्यक्ति/कम्पनीले प्रस्ताबसंग पेश गर्नुपर्ने कागजातहरु:
   - जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि
   - सम्बन्धित स्थानीय तहबाट पास भएको घर नक्साको प्रतिलिपि र चालु आ.ब. को एकीकृत सम्पति कर तिरेको रसिदको प्रतिलिपि
   - काठमाडौं उपत्यका विकास प्राधिकरणबाट योजना अनुमति लिएको प्रतिलिपि
   - भवन/आवासको स्वामित्व देखिने कागजात

९. घर भाडाको दररेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम ४ बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. घरभाडाका लागि प्रस्ताव गर्दा एउटै आवास क्षेत्रमा ११ वटा सम्म आवास एकाई उपलब्ध नहुने भएमा एउटा प्रस्तावकले कम्तीमा ४ वटा आवास एकाई सहितको प्रस्ताव पेश गर्न सकिनेछ ।

११. भाडा सामान्यतया २०८३ आषाढ मसान्त सम्म रहनेछ र आवश्यकताको आधारमा २०८३ असोज मसान्त सम्म थप गर्न सकिने छ ।

१२. भाडाको भुक्तानी कार्यालयले सम्झौता गर्ने प्रति आवास इकाईको संख्याको प्रति एकाई दरको आधारमा नियमित रुपमा गरिनेछ ।

१३. कबोल गरिएको भाडा रकममा कानून वमोजिम तिर्नुपर्ने कर समावेश भएको हुनुपर्नेछ । साथै भाडा भुक्तानी गर्दा प्रचलित कानून वमोजिमको कर कट्टी गरी भुक्तानी गरिनेछ ।

१४. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।